# नेपाल टेलिकम
Nepal Telecom

राष्ट्र निर्माण हाम्रो लक्ष्य


पत्र संख्या : ०८१/८२
चलानी नं. : प्रे.वि.नं. १६

मिति : २०८१/०९/०८

हुम्ला जिल्लाका कतिपय स्थानका नेपाल टेलिकमको BTS टावरमा क्षति भई सेवा अवरुद्ध भएको सम्बन्धमा यसैसाथ संलग्न प्रेस विज्ञप्ति प्रकाशन/प्रसारण गरिदिनुहुन अनुरोध छ ।

## <u>प्रेस विज्ञप्ति</u>

हाल कर्णाली प्रदेश अन्तर्गत हुम्ला जिल्लामा रहेका नेपाल टेलिकमका BTS टावरहरुमा अनधिकृत रुपमा केही समूह/व्यक्तिहरुबाट अवाञ्छित क्रियाकलाप गरी क्षति पुऱ्याउने काम भएको र सो कार्यबाट नेपाल टेलिकमले प्रवाह गर्दै आएको सेवाहरु अवरुद्ध हुन पुगेकोमा कम्पनी दुःख व्यक्त गर्दछ ।

सर्केगाड गाउँपालिका-०५ स्थित बरै माइक्रो वी.टी.एस. मा पौष ४ गते सोलार प्यानल, VSAT का उपकरणहरु तथा अर्थिङ केवलमा क्षति पुगेको र विकट भौगोलिक अवस्थितिका कारणले मर्मत कार्य सम्पन्न भई सेवा सुचारु हुन केही समय लाग्न सक्ने भएको हुँदा यसबाट सेवाग्राहीमा पर्न गएको असुविधाप्रति कम्पनी क्षमाप्रार्थी छ ।

सार्वजनिक महत्वका सरकारी सम्पतिमा क्षति पुऱ्याउने र सर्वसाधारणको अविच्छिन्न सञ्चार सेवा उपभोग गर्न पाउने अधिकारमाथि आघात पुग्ने किसिमका गतिविधिहरु नगर्न/नगराउनुहुन समेत नेपाल टेलिकम सबैमा अनुरोध गर्दछ ।

हरि ढकाल
प्रवक्ता